# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं, कार्तिक १५ गते २०१७ साल [ संख्या २७


श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५को सरकारले बनाएको तल लेखिए बमोजिमको सम्पत्तिकर नियमहरू २०१७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्पत्तिकर ऐन २०१७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :—

१. संक्षिप्त नाम, र प्रारम्भ :- (१) यी नियमहरूको नाम सम्पत्ति कर नियमहरू, २०१७ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्

२. परिभाषा :- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा :—

(क) ऐन भन्नाले सम्पत्तिकर ऐन, २०१७ सम्झनु पर्छ ।

(ख) कर दाता भन्नाले ऐन बमोजिम सम्पतिकर लाग्ने शहरी क्षेत्रको घर जग्गा वा विदेशी लगानीको धनी सम्झनु पर्छ।

(ग) अनुसूची भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ ।



४९६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरूमा प्रयोग गरिएका तर परिभाषा नगरिएका शब्द तथा वाक्यांशको अर्थ ऐनमा दिए बमोजिम हुने छ ।

३. विवरण दाखिल गर्नु पर्ने :– (१) करदाताले शहरी क्षेत्रको घर जग्गाको बिवरण अनुसूची (क) बमोजिमको ढांचामा र विदेशी लगानीको बिवरण अनुसूची (ख) बमोजिमको ढांचामा दाखिल गर्नु वा गराउनु पर्छ कुनै सालको अनुसूची (क) वा अनुसूची (ख) बमोजिमको ढाँचामा कुनै घर जग्गा वा विदेशी लगानीको बिवरण दाखिल गरी वा गराइसकेका कर दाताले सो बिवरण बमोजिमको सम्पत्तिमा कुनै थपघट भएमा बाहेक सालसालै बिवरण दाखिल गर्दा अनुसूची (क) वा अनुसूची (ख) बमोजिम कै बिवरण दाखिल नगरी साबिकमा दिएको बिवरण कायम भनी रीत पूर्वकको लिखित सूचनासम्म बिनु पर्याप्त हुनेछ ।

(२) कुनै सालको विदेशी लगानीको बिवरण दाखिल गर्दा सरकारी सिक्यूरिट शेयर, बैंक एकाउन्टेन्ट र अरू किसिमको नगदी लगानीको सो सालको श्रावण १ गतेको बजार भाउ र घर जग्गाको तत्स्थानको म्यूनिसिपल्टीले निर्धारित गरेको किराया दर ( रेन्टल भ्यालु ) समेत प्रमाण सहित पेश गर्नु वा गराउनु पर्छ ।

(३) साधारणतः नेपाल अधिराज्य बाहिर बसोबास गर्ने करदाताले त्यस्तो बिवरण उपत्यका पूर्वाञ्चलका सम्पत्तिकर अफिसर छेउ दाखिल गर्नु वा गराउनु पर्छ ।

४. घर जग्गा मूल्यांकन समितिको गठन : (१) श्री ५ को सरकारले ऐनको प्रयोजनको निमित्त ऐन अन्तर्गत तोकिदिएका हरएक शहरी क्षेत्रको निमित्त समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सरकारी र गैर सरकारी सदस्यहरू भएको एउटा घर जग्गा मूल्यांकन समिति ( यस पछिसमिति भनिएको ) गठन गर्न सक्ने छ ।

(२) उपनियम (१) अन्तर्गत गठन भएको समितिमा कमसेकम एकजना सरकारी वा गैर सरकारी इन्जीनियर वा ओभरसियर सदस्य रहने छ।

(३) उपनियम (१) अन्तर्गत गठन भएको कुनै समितिको यो ऐन अन्तर्गतको काम सकिएपछि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी सो समितिलाई खारेज गर्ने छ ।

५. घर जग्गाको मूल्यांकन सूची तयार गर्ने : (१) शहरी क्षेत्रको घर जग्गाको मूल्यांकन गर्नको लागि समितिले देहायमा लेखिएको सिद्धान्तको आधारमा मूल्यांकन आंकडा श्री ५ को सरकारमा पेश गर्नको लागि देहायको काम कर्तव्य गर्ने छ:–

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्बन्धित शहरी क्षेत्र भित्र नयाँ घर बनाउंदा तत्काल लाग्ने माल सामानको मोल तथा कर्मी, ज्यामी ज्याला र घर बनाउनालाई चाहिने अरू कुरा समेतको विचार गरी प्रतिबर्ग फुट के कति खर्च लाग्छ । सम्पूर्ण शहरी क्षेत्रको निमित्त त्यस्को औसत लागत खर्चको आँकडा अनुसूची (ग) मा लेखिए बमोजिम तयार गर्ने ।

(ख) सम्बन्धित शहरी क्षेत्रको व्यापारिक स्थिति, शिक्षण संस्था, पानी, बिजुली मनोरन्जनको साधन, ढल जस्ता गार्हस्थ्य 'जीवनको आधुनिक सुविधाहरूको आधारमा सम्पूर्ण शहरी क्षेत्रलाई आवश्यक अंचलमा विभाजित गरी ती अन्चलहरू मध्ये सबभन्दा कम महत्वको अन्चलमा खण्ड (क) बमोजिम तयार भएको औसत लागत खर्च कायम गरी बांकी अरू अन्चलमा रहेको घरहरूलाई कति प्रतिशतको हिसावले थप्नु पर्ने हो यकीन गरी अनुसूची (घ) मा लेखिएबमोजिम तालिका सूची तयार गर्ने ।

(ग) कुनै सडकको दायां बायाँको घर गल्ली भित्रको घरहरुभन्दा बढी मोल हुने र शहरको मुख्य सडकमा रहेका घरको सबैभन्दाबढी मोल हुने हुंदा यस्ता महत्व पूर्ण र मुख्य मुख्य सडकको नामसमेत दिई त्यस्को अगल बगल रहेको घरहरूलाई खण्ड (ख) मा उल्लेख भएको औसत लागत खर्चमा कति प्रतिशत बढी थप्नु पर्ने हो यकीन गरी अनूसूची (ङ) मा लेखिए बमोजिम तालिका सूची तयार गर्ने ।

(घ) खण्ड (क), (ख), (ग) मा उल्लेख भए बमोजिमको तालिकाको आधारमा नयां घरको मोल कायम हुन आए पछि स्थानीय आबहवा र अरू परिस्थिति समेतको विचार गरी पुरानो घरको निमित्त (क) बमोजिमको आंकडाको साल एकको कति प्रतिशतसम्म टुटफुट अंक मिनाहा (डिप्रिसिएसन) दिनु पर्ने र यो किसिमको मिनाहा कति सालसम्म दिनु पर्ने हो सो कुराको यकीन गरी अनुसूची (च) मा लेखिए बमोजिम तालिका सूची तयार गर्ने ।

(ङ) घरसंग जग्गा भएमा सो घरको महत्वको हिसाबबाट खण्ड (क), (ख) र (ग) को सिद्धान्त अनुसार त्यस्ता जग्गाको पनि औसत मोल अंचल महत्व तथा सडक महत्व आँकडा तयार गर्ने ।

(२) खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखगरेको तरीकाबाट घर जग्गाको मोल कायम गरी हुन आएको रकम त्यस्तो घर जग्गाको मोल कायम मानिने छ र समितिले सो सबै विवरण खोली श्री ५ को सरकार छेउ रिपोर्ट गर्ने छ ।

४९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको आँकडा र मूल्यांकन गरिएको घर जग्गाको मोलमा श्री ५ को सरकारले केही हेरफेर गर्न चाहेमा सो समेत गरी उक्त शहरी क्षेत्रको घर जगगको मूल्यांकन नेपाल गजेटमा प्रकाशित गरिदिने छ ।

(४) उपनियम (३) अन्तर्गत नेपाल गजेटमा प्रकाशित गरिएको मूल्यांकनको सूचीलाई श्री ५ को सरकारले अर्को आदेश नदिएमा सो प्रकाशित भएको मितिले ५ वर्ष सम्मलाई मान्यता दिइने छ ।

६. सम्पत्तिको मूल्यांकन र सम्पत्ति कर निर्धारणः– (१) नियम ३ बमोजिम कुनै करदाताको घर जग्गाको विवरण प्राप्त भएपछि सम्पत्ति कर अफिसरले नियम ५ को उपनियम ३ बमोजिम श्री ५ को सरकारले प्रकाशित गरेको मूल्यांकन सूची बमोजिम त्यस्तो घर जग्गाको मूल्यांकन अनुसूची (छ) बमोजिम गर्नेछ ।

तर रजिष्ट्रेशन पास भै खरीद बिक्री भएको कुनै घर जग्गाको मूल्यांकन गर्दा रजिष्ट्रेशन पास भएको मोलका अंक उपदफा (१) बमोजिमको मूल्यांकन अंकभन्दा बढी भएमा सो रजिष्ट्रेशन पास भएको मोलको अंक नै कायम मान्नुपर्छ ।

(२) विदेशी लगानीको मूल्यांकन गर्दा करदाताले पेश गरेको बजार भाउ र किराया दर (रेन्टल भ्याल्यू) बारे आवश्यक परेमा सम्बन्धित मुलुकसंग लेखापढी गरी उक्त दरभाउ प्रमाणित गराई त्यसको आधारमा सम्पत्ति कर अफिसरले त्यस्तो विदेशी लगानीको मूल्यांकन अनुसूची (ज) बमोजिम गर्नेछ ।

(३) सम्पत्ति कर अफिसरले उपनियम (१) बमोजिम कुनै घर जग्गाको वा उपनियम (२) बमोजिम कुनै विदेशी लगानीको मूकल्यांकन गरिसके पछि सोही मूल्यांकन बमोजिम सम्पत्ति करको अंक निर्धारण गर्नेछ । सम्पत्तिकर निर्धारण आदेशमा सम्पत्ति कर कसरी निर्धारित्त गरिएको छ छोट्करिमा स्पष्ट विवरण दिनु पर्छ ।

७. करको भुक्तानीः– नियम ६ बमोजिम कुनै व्यक्तिको घर जग्गा वा विदेशी लगानीमा लाग्ने सम्पत्ति करको अंक निर्धारण गरिसके पछि सम्पत्ति कर अफिसरले नजिकमा नेपाल राष्ट्र बैंक भए सो बैंकमा र नभए मालअड्डामा सो निर्धारित अंक दाखिल गर्नु भनी चलानिका साथमा सो व्यक्तिलाई कर निर्धारण आदेश दिनु पर्छ र त्यसको लिखित सूचना सो बैंक वा माल अड्डालाई पनि दिनु पर्छ । आदेश बमोजिम करको रकम दाखिल भए पछि बैंक वा मालअड्डाले त्यसको एक प्रति रसीद सम्पत्तिकर अफिसर कहाँ पठाइदिनु पर्छ । म्यादभित्र सम्पत्ति करको रकम दाखिल नभएमा सम्पत्ति कर अफिसरले ऐन बमोजिम सम्बन्धित सम्पत्ति धनीबाट जायदाद गरी असूल उपर गर्न सम्बन्धित माल अड्डालाई सूचना पठाउनुपर्छ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. ऐनको दफा १२ बमोजिम दिएको सूचनाको जांचबूझ गर्नेः– (१) ऐनको दफा १२ बमोजिम कुनै व्यक्तिले सम्पत्ति कर अफिसर छेउ सूचना दिएकोमा सम्पत्ति कर अफिसरको सूचनाअनुसार वा आफै उपस्थित हुन आएमा सम्पत्ति कर अफिससरले सनाखत गरी निजसंग रहेको सबूद प्रमाण सबै बुझ्नेछ । निज उपस्थित हुन नआएमा सम्पत्ति कर अफिसरले आफ्नो मातहतको सम्पत्ति कर इन्स्पेक्टरद्वारा बुझ्न लगाउन सक्नेछ । यसरी बुझिआएको व्यहोराबाट कारवाई चलाउनुपर्ने भन्ने सम्पत्ति कर अफिरको विचारमा लागेमा निजले आवश्यक कारवाई चलाउनेछ । कारवाई चलाउनालाई पर्याप्त सबद प्रमाण छैन भन्ने लागेमा छोट्करिमा आफ्नो ठहर व्यक्त गरी आफ्नो अफिसमा रेकार्ड राख्नुछ ।

(२) उप नियम (१) बमोजिम प्राप्त हुन आएको सूचना बमोजिमको कुरा सांचो ठहरी सो बमोजिम कर असूल उपर भएमा ऐन बमोजिम पाउने इनाम दिमालाई सम्पत्ति कर अफिसरले कर विभागको डाइरेक्टर मार्फत रिपोर्ट पेश गर्नेछ ।

(३) कुनै व्यक्तिले एक पटक सूचनासम्म दिई पछि बोलाएको बखत सम्पत्ति कर अफिसर कहाँ उपस्थित हुन आएन वा कुनै सबूद प्रमाण पनि पेश गरेन भने सो सचना पूरा भएको मानिने छैन र त्यस्तो व्यक्ति इनामको भागी हुने छैन ।

९. ऐनको दफा ८ अन्तर्गत मूल्यांकन र सम्पति करको निर्धारण गर्दा बिचार राख्नु पर्ने कुराः–

सम्पत्तिकर अफिसरले ऐनको दफा ८ अन्तर्गत कुनै व्यक्तिको घर जग्गा र विदेशी लगानीको मूल्यांकन र त्यसमा सम्पतिकरको निर्धारण गर्दा सकभर निम्न लिखित कुराहरूको विचार राख्नु पर्छ :–

(क) कर इन्सपेक्टर वा अरू कसैको गोप्य रिपोर्ट परेको भए सो रिपोर्ट र,

ख) कर इन्सपेक्टर वा अरू कसैद्वारा त्यस्ता घर जग्गाको कुनै नाप नक्शा वा सरजमीन मुचुल्का प्रस्तुत भएको भए सो नाप नक्शा वा सरजमीन मुचुल्का।

१०. सम्पत्ति कर माफी गराउने :– (१) औषधालय देवालय पाटी पौवा धर्मशाला पब्लिक स्कूल अनाथालय परोपकारी तथा धर्म कार्यमा लगाइएका घर जग्गा बहालैमा लिएको नभै सो कार्य गर्ने व्यक्ति वा संस्थाको निजी सम्पति रहेछ र सो कार्य वा घर जग्गाबाट कुनै आम्दानी आउने भए पनि सो आम्दानी त्यस्ता कार्यमा लागिआएको छ भने त्यस्तो घर जग्गामा सम्पतिकर माफी गराउन चाहने व्यक्तिले स्थानीय बडा हाकिम वा मेजिष्ट्रेट मार्फत श्री ५ को सरकारमा सप्रमाण आवेदन पत्र पेश गर्नु पर्छ । त्यस्तो कुनै आवेदनपत्र दाखिल भएकोमा त्यसमा लेखिए बमोजिमको कुरा साँचो हो होइन बुझी स्थानीय बडा हाकिम वा मेजिष्ट्रेटले आफ्नो ठहर राय सहित सो आवेदनपत्रलाई श्री ५ को सरकारको अर्थमन्त्रालयमा पेश गर्नुपर्छ।

७०९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपरोक्त कार्यमा लगाइएका घर जग्गा सो कार्य गर्ने व्यक्ति वा संस्थाको निजी सम्पत्ति नभई बहालमा बसिआएको भए त्यस्ता घर जग्गाको लाग्ने सम्पतिकर माफि हुने छैन। बहाल लिने व्यक्तिले दिनु पर्छ।

(३) भत्की बिग्री बसन नहुने भएको घरको हकमा त्यसको धनीले सो कुराको सूचना प्रत्येक साल सम्पत्तिकर अफिसर छेउ दाखिल गर्नुपर्छ र सम्पतिकर अफिसरले सर्जमीन बुझी सांचो देखेमा २ वर्षसम्म लगातार सम्पत्तिकर माफी गर्न सक्ने छ। त्यस्ता सालदेखि श्री ५ को सरकार अर्थमन्त्रालयमा रिपोर्ट गरी निकासा भए बमोजिम गर्नु पर्छ।

११. सम्पत्तिकर डाइरेक्टरले गर्नेः– नेपाल अधिराज्य बाहिर बसोवास गरेका कुनै कर दाताले आफ्नो घर जग्गा भएको इलाका सम्पत्तिकर अफिसरद्वारा घर जग्गा र विदेशी लगानीको मूल्यांकन कर निर्धारण गराउन चाहेमा सम्पत्तिकर डाइरेक्टरले सो इलाकाको सम्पत्तिकर अफिसरद्वारा कारबाई गराउन सक्ने छ।

१२. अन्य कामः– (१) सम्पत्तिकर अफिसरले आफ्नो अन्चलको सदर मुकाममा काम सकिएपछि आफ्नो साल भरको रुटिन अनुसार अन्चलका विभिन्न स्थानमा मुकाम गरी कर निर्धारण र दाखिलको आदेश दिने छ।

(२) सम्पत्तिकर अफिसर नभएका इलाकामा बस्ने कर दाताले जिल्लाको गोस्वारा वा माल अड्डामा ऐन वा यो नियम बमोजिमको विवरण दाखिल गर्न सक्ने छ। यस्तो अड्डामा कर सम्बन्धी काम गर्ने एक वा एकभन्दा बढी कर्मचारी रहन सक्ने छन्। निजले कर निर्धारण र असूल गर्ने बाहेक कर सम्बन्धी अरु काम गर्ने छ। निज अन्चल सम्पत्तिकर अफिरका मातहतमा रहने छ।

(३) कर तिर्नु पर्ने भन्ने लागेका कर दाताहरूको तथ्यांक संकलन गर्नु सम्पत्ति कर अफिसरको आदेश बमोजिम सरजमीन जांच बूझ गर्नु र सम्पत्ति कर अफिसरले लाए अह्राएको कर सम्बन्धी अरु काम गर्नु कर इन्सपेक्टरको कर्तव्य हुने छ। निजसंग आफ्नो फोटो भएको सम्पत्ति कर डाइरेक्टर वा अन्चल सम्पत्ति कर अफिसरले दस्तखत गरी राखेको परिचयपत्र रहने छ।

(४) कर अफिसमा रहनुपर्ने रजिष्टरको ढांचा सम्पत्ति कर डाइरेक्टरले तोकिदिने छन्।

१३. दण्ड जरिबानाको रकम असूल गर्नेः– सम्पतिकर अफिसरले ऐन अन्तर्गत कुनै व्यक्तिलाई दण्ड जरिवाना तोकेकोमा सो दण्ड जरिवानाको रकम सो व्यक्तिबाट असूल उपर गर्ने इलाका माल अड्डामा लेखिपठाउनु पर्छ इलाका माल अड्डाले पनि सरकारी बांकी सरहको कारबाई गरी असूल उपर गर्नु पर्छ।

402

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची (क)

सम्पत्ति कर

## नियम ३ बमोजिम दाखिल गर्नुपर्ने विवरण

सं. नं ७ (क)

श्रीसम्पत्ति कर अफिसर

... .... ... ...

महाशय,

सम्पत्तिकर, ऐनको दफा ४ र सम्पत्तिकर नियम ३ बमोजिम मैले ! हामीले, तपसीलमा लेखिए बमोजिमको विवरण दाखिल गरेको छुछौं । सो ऐन र नियम बमोजिम सम्पत्तिकर निर्धारण होस् मैले हामीले कर निर्धारण आदेश पाएको मितिले ऐनको म्याद भित्र तोकिएको ठाउँमा बुझाउनु पर्ने कर बुझाउँला ।

तपसील

घर जग्गाको विवरण ... ...

(१) मेरो हाम्रो यस संस्थाको घर जग्गाको संख्या ... ...

(२) हरेक घर जग्गाको विवरण ... ... ...

करको निमित्त विभाजन गरिएको अंचल नं ... ...

टोलको नाउँ ... ... ... ... ... ... घर नम्बर ... ...

साथै नत्थी गरिएको नक्शा बमोजिम

घरको लम्बाई ... ...फुट चौडाई ... ... ... ... ... फुट

जम्मा तलाको संख्या ... ... "

जमीनको तलाको उचाइ "

पहिलो तलाको उचाइ "

दोस्रो तलाको उचाइ "

तेस्रो तलाको उचाइ "

चौथो तलाको उचाइ

माटोले जोडेको वा बज्रले जोडेको ...

कुन सालमा बनको...

सडकको दायाँ बायाँ परेको भए

सडकको नाउँ ... ... ... दायां वा बायां

घरको साथमा खाली जग्गाभए त्यसको

लमाई फुट, चौंडाई, फुट, क्षेत्रफल वर्ग फुट

हाल साल खरीद भएकोमा

403

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनसालमा खरीद भएको
खरीद मोल ... ... ...
रजिष्ट्रेसन पास भएको कागजको नक्कल नत्थी गर्ने
घर जग्गाषो कुनै भाग बिक्री भएको भए नक्शाको कुन
भाग हो चिन्ह लगाउन होला ।
यस्तो भागको लमाई चौडाई
बिक्री मोल रु. ... .. ...
किन्नेको नाउँ थर वतन .. ... ...
रजिष्ट्रेशन पासभएको कागजको नक्कल नत्थी गर्ने ।
यो घर बहालमा दिएको भए, बहाल–
मा लिनेको नाउँ थर बहालमा दिएको मिति

(३) यस्तै अरू घर जग्गाको पनि विवरण पेश गर्न
(४) धेरैजना अंशियार भए
अंशियारहरूको ... ... ... ...
नाम ... ... ...
उमेर ... ...
मुख्य मानिससँगको सम्बन्ध ... ...
सम्पत्तिको कति अङ्क ... ...
नाम ... ...
उमेर ...
मुख्य मानिसको सम्बन्ध ...
सम्पत्तिको कति अङ्क

अंश बण्डाको रजिष्ट्रेसन पास भएको कागजको नक्कल नत्थी गर्ने ।

माथि लेखिए बमोजिमको मेरो । हाम्रो यस संस्थाको । घर जग्गाको विवरण बिलकूल सांचो हो झुट्टाठहरे सम्पत्तिकर ऐन नियम र प्रचलित कानूनबमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

बिवरण पेश गरेको मिति ... दस्तखत ...
दस्तखत गर्नेको पुरा नाम थर र दर्जा
दस्तखत गर्नेको ठेगाना
करदाताकोनाम
करदाताको ठेगाना

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पत्तिकर

सं. नं. (ख)

# अनुसूची ( ख )

## नियम ३ बमोजिम दाखिल गर्नु पर्ने विवरण

श्रीसम्पत्तिकर अफिसर,

महाशय,

सम्पत्ति कर ऐनको दफा ४ र सम्पत्ति कर नियम ३ बमोजिम मैले / हामीले तपसीलमा लेखिए बमोजिमको विवरण दाखिल गरेको छु, छौं । सो ऐन र नियम बमोजिम सम्पत्ति कर निर्धारण होस् मैले / हामीले कर निर्धारण आदेश पाएका मितिले ऐनको म्याद भित्र तोकिएको ठाउँमा बुझाउनु पर्ने बुझाउंला ।

तपसील

## विदेशी लगानीको विवरण

( १ ) नगदी

| सि. नं. | लगानीको विवरण | | विगत श्रावण १ गतेको बजार दरले मोल | सरकारीदरले ने.रु |
|---|---|---|---|---|
| | ठाउँ | करेन्सीको नांउँ लगानी अङ्क | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

द्रष्टव्यः–विगत श्रावण १ गतेका बजार भाउको प्रमाण पेश हुनु पर्छ ।

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) घर जग्गा

| सि.नं | लगानी विवरण | | | |
|---|---|---|---|---|
| | टाउं | हरेक घर जग्गाको रेन्टल भ्याल्यू | रेन्टल भ्याल्यू अनुसारको मोल | सरकारीदरले मोल ने.रु. मा |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

द्रष्टव्य– घर जग्गाको नक्शा नत्थि हुनु पर्छ

रेन्टल भ्याल्यूको प्रमाण नत्थी नु पर्छ

घरैजना अंशियार भए

अंशियारहरुको नाम नमेसी

नाम ... ... ... ... ...

उमेर ... ... ... ... ...

मुख्य मानिससँगको सम्बन्ध

सम्पत्तिको कति अंश

नाम ... ... ... ... ...

उमेर ... ... ... ... ...

मुख्यमानिस सँगको सम्बन्ध

सम्पत्ति कतिअंश

अंश बण्डाको रजिष्ट्रेशन पासको कागजको नक्कल नत्थी हुनुपर्छ ।

(ग) माथि लेखिए बमोजिमको मेरो / हाम्रो । यस संस्थाको सम्पत्तिको विवरण बिलकुल सांचो छ झुट्टा ठहरे सम्पत्ति कर ऐन नियम र प्रचलित कानून बमोजिम सहुला बुझाउँला ।

विवरण पेश गरेको मिति ———— दस्तखत ————

दस्तखत गर्नेको नाम दर्जा

कर दाताको नाम

ठेगाना

## अनुसूची (ग)

### नियम । ५ । ( क ) संग सम्बन्धित

| घरको बनोटको किसिम | घरको प्लानको प्रतिवर्ग फुटको प्रतितलाको औसत लगत खर्च | | कैफियत |
|---|---|---|---|
| | ७ फुट र सो मुनिको उचाईको तला | ७ फुट माथिको उचाईकोतला | |
| १ । माटोको जोडाई | रू. | रू. | |
| २ । बज्रको जोडाई | रू. | रू. | |

## अनुसूचि । घ ।

### । नियम ५. १ (ख) संग सम्वन्धित ।

| अन्चल | अन्चलको सीमाना | खण्ड (क) बमोजिम तैयार गरेको औषत लगत खर्चको आँकडामा कतिप्रतिशत महत्व अंक थपने | कैफियत |
|---|---|---|---|
| १ | उत्तर<br>पूर्व<br>पश्चिम<br>दक्षिण | | |
| २ | उत्तर<br>दक्षिण<br>पूर्व<br>पश्चिम | | |
| ३ | उत्तर<br>दक्षिण<br>पूर्व<br>पश्चिम | | |
| ४ | उत्तर<br>दक्षिण<br>पूर्व<br>पश्चिम | | |

मुद्रण विभाग, नेपाल

५०८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची (ङ)

### नियम ५।१। (ग)संग सम्बन्धित ।

| सडकको नाउँ | | सडकको शुरू पुछारको सीमाना | दायाँ बायाँको घर जग्गालाई खण्ड (ख)को आँकडाको कति प्रतिशत थप गर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची (ख)

### नियम ५।१। (घ)संग सम्बन्धित ।

| घरको बनोट | डिप्रिशिएशन प्रतिवर्ष खण्ड (क)को प्रतिवर्ष कति प्रतिशत कट्टि गर्ने | बढीसे बढी कति वर्ष सम्म कट्टिगर्ने | कैफियत |
|---|---|---|---|
| (१) माटोको जोडाई | | वर्ष सम्म | |
| (२) वजूको जोडाई | | वर्षसम्म | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

405

अनुसूची (छ)

नियम (१) सँग सम्बन्धित

अञ्चल कर अफिसको नाम ....................

सूचक संख्या ...... ......

सम्पत्ति कर
सं. नं. ६(क)

## घर जग्गा कर निर्धारण फाराम

सि० नं० सम्पत्ति लाग्ने आर्थिक वर्ष .. ...
सम्पत्ति कर निर्धारण गर्ने ऐनको दफा .. ...
कर दाताको सूचक संख्या.. ...
कर दाताको नाम र वतन., ...

| असामी | भूमिको क्षेत्रफल वर्ग फुटमा | मूल्यांकन दर | रजिष्ट्रेशन पासकोमोल | कैफियत |
|---|---|---|---|---|
| घर नं.१ को<br>जमीन तला<br>पहिला तला<br>दोस्रो तला<br>तेस्रो तला | | | | |
| जम्मा | | | | |
| घर नं. २ को<br>जमीन तला<br>पहिलो तला<br>दोस्रो तला<br>तेस्रो तला | | | | |
| जम्मा | | | | |
| | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |

जम्मै घरको मोल

(क) रजिष्ट्रेशन पास भई अंश बण्डा नभएको भए यसको जम्मा कर ···· ··· ··

दण्ड जम्मा नं. रू. अक्षरेपी

(ख) रजिष्ट्रेशन पास भई अंश बण्डा भएको भए

| अंश्सियारकोनाम | प्रत्येकको अंश | सम्पत्ति कर | दण्ड | जम्मा | अक्षरेपी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| जम्मा | | | | | |

सम्पत्ति कर निर्धारण आदेशको मिति ··· ··· ··· दस्तखत____________

सम्पत्ति कर अफिसर

अञ्चल सम्पत्ति कर अफिसरको नाम

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची (ज)
नियम ७ (२) संग सम्बन्धित

अञ्चल कर अफिसको नाम — सम्पत्ति कर
सूचक संख्या — सं. नं. ६ (ख)

## विदेशी लगानी कर निर्धारण फारम

सम्पत्ति कर लाग्ने आर्थिक बर्ष —
सम्पत्तिकर निर्धारण गर्ने ऐनको दफा–
कर दाताको सूचक संख्या—
कर दाताको नाम र वतन .–

| असामी | श्रावण १ गतेको बजार दर | सो दरले जम्मा अंक | त्यसको जम्मा ने. रु. | कैफियत |
|---|---|---|---|---|
| (क) बिदेशी लगानी | | | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| जम्मा | | | | |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| (ख) घर जग्गा। | रेन्टल भ्याल्यू। | सो दरले जम्मा। | त्यसको जम्मा ने. रू.। | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

क. र. ख. को जम्मा अक्षरेपी

(१) रजिष्ट्रेशन पास भई अंश बण्डा नभएको भए यसको जंमा कर–

दण्ड जम्मा ने. रू. अक्षरेपी

(२) रजिष्ट्रेशम पास भई अंश बण्डा भएको भए।

| अंशियारको नाम। | प्रत्येकको अंश। | सम्पत्ति कर। | दण्ड। | जम्मा। | अक्षरेपी |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| जम्मा | | | | | |

सम्पत्ति कर निर्धारण आदेश मिति–

दस्तखत–
सम्पत्ति कर अफिसर
अञ्चल कर निर्धारण अफिसको नाम

आज्ञाले–
रामप्रसाद जोशी,
श्री ५ को सरकारका सचिव,
अर्थ मन्त्रालय,

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 492